तुलसीपुर उपमहानगरपालिका

तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

राजपत्र

खण्ड : ७ सङ्ख्या : १ प्रकाशित मिति २०८१/०७/१२

भाग-२

तुलसीपुर उपमहानगरपालिका

तुलसीपुर उपमहानगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८१

स्थानीय राजपत्र

तुलसीपुर उपमहानगरपालिका

तुलसीपुर, दाङ

लुम्बिनी प्रदेश, नेपाल

खण्ड : ७ सख्या : १ भाग २ प्रकाशित मिति २०८१/०७/१२

टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८१

कार्यपालिकाबाट पारित मिति २०८१/०५/२८

प्रमाणिकरण मिति २०८१/०६/०४

प्रस्तावनाः स्थानीय विकास प्रक्रियामा टोल तथा बस्ती स्तरवाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा वडा कार्यालयको सहयोगीको रुपमा काम गर्ने गरी टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

तुलसीपुर उपमहानगरपालिकाको "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ (१) " बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि,२०८१"रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(ख) "टोल विकास संस्था" भन्नाले टोल बस्तीको समग्र विकासको लागि निश्चित भौगोलिक क्षेत्रका अधिकांश घरधुरीका प्रतिनिधिहरुको उपस्थितिमा विकास निर्माण, सेवा प्रवाह र सामाजिक परिचालनको क्षेत्रमा काम गर्ने उद्देश्यले गठन भई वडा कार्यालयमा दर्ता भएको सामुदायिक संस्थालाई सम्झनु पर्छ ।

(ग) "पदाधिकारी" भन्नाले संस्थाको कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव कोषाध्यक्ष र सदस्यहरु समेतलाई सम्झनुपर्छ।

(घ) "बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ ।

(ङ) "वडा" भन्नाले उपमहानगरपालिकाको वडालाई सम्झनु पर्छ।

(च) "विधान" भन्नाले संस्थाको विधानलाई सम्झनुपर्छ ।

(छ) "समिति" भन्नाले संस्थाको कार्यसमिति सम्झनु पर्छ ।

(ज) "साधारणसभा" भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनु पर्छ।

(झ) "संस्था" भन्नाले टोल विकास संस्थालाई सम्झनुपर्छ ।

३. उद्देश्यः

टोल विकास संस्था गठन गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छनः

(क) टोल, वस्ती स्तरमा विभिन्न निकायहरुवाट प्रवाह हुने सेवामा टोलवासीको पहुँच अभिबृद्धि गर्ने।

(ख) टोलवासीहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना, विकास र प्रवर्द्धन गर्ने ।

(ग) टोल वस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद्भाव, बन्धुत्व, भाईचारा, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने ।

(घ) आर्थिक, सामाजिक सवालमा सबै टोलवासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने ।

(ङ) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने ।

(च) वस्ती टोलस्तरमा सबै संस्थाहरुको प्रवेशद्वारको रुपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरुवाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने ।

(छ) टोल विकास संस्थालाई वडा कार्यालयको मातहत तथा सहयोगीको रुपमा विकास गरी सहभागितात्मक योजना तर्जुमा, अनुगमन, मुल्याङ्कन एवं संरक्षण र विकास प्रक्रियामा सहभागी गराउने ।

(ज) टोलका सदस्यहरुमा गरिबीलाई निश्चित आधारमा बर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने ।

(झ) टोलको समग्र विकासका लागि कार्यक्रमहरु तय गर्ने ।

(ञ) वातावरणमैत्री तथा वालमैत्री नगर घोषणा गर्न आवश्यक सहयोग गर्ने ।

(ट) राष्ट्रिय तथा स्थानीय अभियानहरु सफल पार्न आवश्यक सहयोग गर्ने ।

(ठ) स्थानीय सरकारवाट भएका निर्देशनहरु पालना गर्ने ।

(ड) टोल स्तरको तथ्याङ्क अभिलेखिकरण गर्ने ।

परिच्छेद – २

संस्थाको गठन तथा दर्ता सम्बन्धी व्यवस्था

४. **संस्थाको गठनः** (१) उपमहानगरपालिकाको क्षेत्रमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा टोल तथा बस्तीका वासिन्दाको आमभेलाबाट टोल तथा बस्ती भित्रका घरधुरी समावेश हुने गरी टोल विकास संस्थाको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने संस्थाको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछनः-

(क) अध्यक्ष एक जना

(ख) उपाध्यक्ष एक जना

(ग) सचिव एक जना

(घ) कोषाध्यक्ष एक जना

(ङ) सदस्यहरु (तीन देखि सात जना सम्म)

(३) उपदफा (२) बमोजिम संस्था गठन गर्दा टोल तथा बस्ती भित्रका एक घरधुरीबाट एकजना भन्दा बढी नपर्ने गरी भौगोलिक सन्तुलन तथा सामाजिक समावेशीकरणको आधारमा वडा कार्यालयले तोकेको चार किल्ला भित्रका नागरिकहरुको आमभेलाबाट सर्वसम्मत रुपमा संस्थाको कार्य समिति गठन हुनेछ ।

तर, यस दफा बमोजिम आमभेलामा सर्वसम्मत हुन नसकेमा उपस्थित साधारण सदस्यहरुको बहुमतबाट कार्य समिति गठन गर्न बाधा पर्ने छैन।

(४) उपदफा (३) बमोजिम कार्यसमितिको कार्यकाल समाप्त भएपछि साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट कार्यसमितिको पुनर्गठन हुनेछ ।

(५) कार्य समितिको कार्यावधि गठन भएको मितिले दुई वर्षको हुनेछ ।

(६) अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको पदमा लगातार दुई कार्यकाल भन्दा बढी सोही पदमा रहन पाईने छैन ।

(७) कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

(८) संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक साधारण सदस्यको रुपमा समेट्नु पर्नेछ ।

(९) उपदफा ८ बमोजिम सबै घरधुरी समावेश हुन सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्नुपर्ने छ।

(१०) यस कार्यविधि बमोजिम गठन गरिने संस्थाको कार्यसमितिमा कम्तीमा ५० प्रतिशत महिला सदस्य हुनु पर्नेछ ।

(११) कार्य समितिका पदाधिकारी सम्बन्धित टोलमा स्थाई रुपमा बसोबास भएको हुनु पर्नेछ ।

(१२) कार्य समितिका सदस्य वाहेक टोल विकास संस्थामा आबद्ध भएका सबै घरधुरीबाट प्रतिघरधुरी एक जना व्यक्ति टोल विकास संस्थाका साधारण सदस्य हुनेछन् ।

(१३) टोल तथा बस्ती भित्रका कुनै घरधुरी संस्थामा समावेश गरेको नपाइएमा वा कुनै घरधुरी वा बस्ती उक्त संस्थामा समावेश गर्नु पर्ने भन्ने लागेमा वडा कार्यालयले त्यसरी छुटेको घरधुरी वा बस्ती सम्बन्धित संस्थामा समावेश गर्न लगाउनेछ।

(१४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका कम्तिमा ३५ र बढीमा १०० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिने छ। एउटा घरधुरी एक भन्दा बढी टोल विकास संस्थाको सदस्य बन्न पाउने छैन।

(१५) टोल विकास संस्थालाई व्यवस्थित गर्न अनुसूची -१ मा उल्लेखित नमुना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार गरी लागु गर्नु पर्नेछ।

(१६) निवर्तमान अध्यक्षको संयोजकत्वमा ३ सदस्यीय सल्लाहकार समितिको गठन गरिने छ । सल्लाहकार समितिको संयोजक टोल विकास संस्था कार्य समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा सहभागी हुनेछन् ।

(१७) टोल विकास संस्था गठन गर्दा अनिवार्य रुपमा वडा कार्यालयको प्रतिनिधिको रोहवरमा गठन गर्नुपर्ने छ ।

५. <u>कार्य समितिका पदाधिकारीको पद रिक्त सम्बन्धी व्यवस्थाः</u> (१) दफा ४ बमोजिम गठन भएको कार्य समितिका पदाधिकारीहरुको पद देहाय बमोजिमको अवस्थामा रिक्त हुनेछः–

(क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिको बैठकमा र उपाध्यक्ष सहित अन्य सदस्यले अध्यक्षलाई राजीनामा दिएमा।

(ख) भ्रष्टाचार वा अन्य कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएमा।

(ग) मृत्यु भएमा।

(घ) बसाईँ सरी अन्यत्र गएमा ।

(ङ) संस्थाको हित विपरित हुने कार्य गरेमा ।

(च) विना सूचना लगातार ३ पटकसम्म बैठकमा अनुपस्थित भएमा ।

(२) उपदफा (१) बमोजिम अध्यक्षको पद रिक्त भएमा कार्य समितिको बाँकी अवधिको लागि उपाध्यक्षले कार्यवाहक अध्यक्ष भई कामकाज गर्नेछ। अन्य पदाधिकारीहरुको हकमा कार्य समितिले बाँकी अवधिको लागि समितिका सदस्यहरु मध्येबाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ।

६. <u>संस्था दर्ता :</u> संस्थाको दर्ता देहाय बमोजिम हुनेछ:-

(क) संस्थाको आमभेलाले निर्णय गरी अनुसूची २ बमोजिमको ढाँचामा सोही निवेदनमा उल्लिखित कागजातहरु समावेश गरी संस्था

दर्ताका लागि वडा कार्यालयमा निवेदन दिनुपर्नेछ। अनुसूची ३ बमोजिमको घरधुरी तथ्याङ्क विवरण फाराम र टोल विकास संस्थाको नक्सा समेत पेश गर्नु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले संस्थाको चारकिल्ला भित्रका सबै घरधुरी समावेश गरे नगरेको समेत हेरी अनुसूची ४ बमोजिमको ढाँचामा संस्था दर्ता गरेको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(ग) उपदफा (क) बमोजिम प्राप्त निवेदन बमोजिम दर्ताको लागि प्राप्त भएको टोल विकास संस्थामा समावेश हुनुपर्ने घरधुरी वा बस्ती छुटेको पाइएमा त्यसरी छुटेको घरधुरी वा बस्ती समेत समावेश गरी दर्ताको लागि पुनः पेश गर्न निर्देशन दिन सक्नेछ।

(घ) वडा कार्यालयले यस दफा बमोजिम संस्था दर्ता गरेको विवरण मासिक रुपमा नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

(ङ) वडा कार्यालयमा दर्ता गर्दा उपमहानगरपालिकाले तोके बमोजिम वडा कार्यालयले दर्ता शुल्क लिनेछ ।

(च) टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरीत कुनै काम गरेमा वा प्रचलित कानूनले गर्न नपाउने कार्य गरेमा वडा कार्यालयले टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ। दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास संस्था गठन हुनेछ ।

परिच्छेद-३

संस्थाको काम, कर्तव्य र अधिकारहरु

७. टोल विकास संस्थाका कार्यहरु : (१) टोल विकास संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समुदायमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग गर्ने ।

(ख) सामुदायिक सदभाव, सहिष्णुता र भाइचाराको विकास गर्ने ।

(ग) टोलमा सञ्चालन हुने विकास निर्माणका योजनाहरुको तर्जुमा, कार्यान्वयन/ सञ्चालन र सुपरिवेक्षण तथा अनुगमनमा उपभोक्ता/लाभग्राही समुहको रुपमा सहभागिता, स्वामित्व र नेतृत्वदायी भूमिका वडा कार्यालयसँगको समन्वयमा निर्वाह गर्ने।

(घ) टोलमा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने।

(ङ) टोलमा रहेका सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने।

(च) टोलमा विपद् व्यवस्थापन सम्वन्धी खोज, उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने ।

(छ) टोलको सरसफाई व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने/ गराउने ।

(ज) छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने/गराउने ।

(झ) सडक बत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग पुर्‍याउने ।

(ञ) कानून बमोजिम तिर्नु पर्ने कर, दस्तुर, सेवाशुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने ।

(ट) टोलमा बसोबास गर्ने गरिव, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन कार्यमा सहयोग गर्ने ।

(ठ) टोलमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने ।

(ड) जन्म, बिबाह, बसाईँसराई, सम्वन्ध विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि टोलबासीलाई उत्साहित र सहजीकरण गर्ने ।

(ढ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने ।

(ण) विद्युत चुहावट तथा प्राकृतिक श्रोत चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने ।

(त) टोलमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेय पदार्थ लगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मुल्य सुचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने।

(थ) उपभोक्ता हकहित संरक्षणको लागि पैरवी तथा जनचेतना अभिबृद्धि गर्ने।

(द) टोलमा हरियाली क्षेत्र विस्तार गरी वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने।

(ध) स्थानीय आर्थिक विकासका संभावनाका बारेमा छलफल गरी स्थानीय तह, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने ।

(न) भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालनाको लागि टोल बासीहरुलाई प्रोत्साहित गर्ने ।

(प) विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाई, लैङ्गिक हिंसा उन्मुलन जस्ता राष्ट्रिय अभियानहरुमा सहयोग र समन्वय गर्ने।

(फ) टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र श्रोत परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने ।

(ब) घरेलु हिंसा, यौनजन्य हिंसा, मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम लगायतका सामाजिक अपराध तथा खरावीहरु अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने ।

(भ) टोलमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(म) टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने।

(य) टोलमा सरकारी निकाय तथा गैर सरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

(र) आफ्नो टोललाई वातावरणमैत्री, बालमैत्री, जेष्ठ नागरिकमैत्री, महिलामैत्री, अपाङ्गमैत्री, पोषणमैत्री तथा पूर्ण सरसफाईयुक्त बनाउन कार्यक्रमहरु संचालन गर्ने तथा वडा कार्यालय र उपमहानगरपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने।

(ल) वडा कार्यालय, उपमहानगरपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी संघसंस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरु गर्ने।

(व) उपलब्ध श्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने ।

(श) सबै पक्षको समानुपातिक सहभागिता, विकास एवं सम्मानका लागि बाल, युवा, महिला, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको सञ्जाल गठन गरी परिचालन गर्ने व्यवस्था मिलाउने ।

परिच्छेद – ४

संस्थाको कार्य समितिको बैठक र पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

८. **संस्थाको कार्य समितिको बैठक:** (१) संस्थाको कार्य समितिको बैठकको सञ्चालन देहाय बमोजिम हुनेछ :-

(क) कार्य समितिको बैठक महिनामा कम्तिमा एक पटक र आवश्यकता अनुसार बस्नेछ ।

(ख) समितिको बैठकमा वडा समिति तथा उपमहानगरपालिकाका जनप्रतिनिधि, विज्ञ तथा अन्य सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको वैठक निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ ।

(घ) संस्थाको बैठकको निर्णयहरु वैठकमा उपस्थित पदाधिकारीहरुबाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बस्ने कार्यसमितिको बैठकको माइन्युट र संस्थाका प्रशासनिक तथा आर्थिक कारोबारसँग सम्बन्धित सम्पूर्ण कागजातहरु अध्यक्ष, सचिव र कोषाध्यक्षको जिम्मामा रहनेछन्।

(३) कार्य समितिको बैठक संस्थाको कार्यालयमा बस्नेछ। संस्थाको कार्यालय स्थापना भई नसकेको अवस्थामा कार्यसमितिका सबै सदस्यलाई पायक पर्ने गरी उपयुक्त स्थानमा बैठक बस्ने गरी अध्यक्षले तोक्न सक्नेछ।

९. <u>संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार:</u>

संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) **<u>अध्यक्षको काम, कर्तव्य र अधिकार</u>**

(क) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने।

(ख) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

(ग) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

(घ) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने।

(ङ) संस्थाका निर्णयहरु लागू गर्ने, गराउने।

(च) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

(छ) संस्थाले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने।

(ज) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।

(झ) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु गर्ने ।

(ख) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने।

(ग) कुनै कारणवस अध्यक्षको पद रिक्त भएमा बाँकी अवधिको लागि कार्यवाहक अध्यक्षको रुपमा कार्य गर्ने ।

(३) **सचिवको काम, कर्तव्य र अधिकारः**

(क) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

(ख) एक तिहाई सदस्यले विशेष बैठकका लागि लिखित माग गरेमा विधान वमोजिम बैठक बोलाउने ।

(ग) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

(घ) संस्थाको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने।

(ङ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) संस्थाको आम्दानी र खर्चको हिसाब राख्ने तथा विवरण तयार गर्ने।

(ख) खर्चको सामाजिक परीक्षण गराउने ।

(ग) बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने।

(घ) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने।

(ङ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(५) **सदस्यहरुको काम,कर्तव्य र अधिकार**

(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रिय रुपमा सहभागी हुने।

(ख) संस्थाको हिसाव किताव जाँच गर्ने ।

(ग) संस्थाका पदाधिकारीहरुले गरेका कामको मुल्याङ्कन नियमित रुपमा गर्ने ।

(घ) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने। समितिको निर्णय कार्यान्वयन भए नभएको हेरी आवश्यकता अनुसार समितिको बैठकमा छलफलमा ल्याउने।

(ङ) आवश्कता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको काममा सघाउने।

(च) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

परिच्छेद – ५

आर्थिक व्यवस्थापन

१०. **संस्थाको आम्दानी:** (१) संस्थाले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछः

(क) उपमहानगरपालिकाबाट प्राप्त हुने अनुदान रकम ।

(ख) सदस्यताबाट प्राप्त शुल्क ।

(ग) सरकारी तथा गैर सरकारी निकायहरु, सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम ।

(घ) टोल विकास संस्थाले आयमूलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी ।

(ङ) उपमहानगरपालिका, अन्य सरकारी निकाय तथा गैरसरकारी संघसंस्थासँग विकास निर्माण वा कार्यक्रम सञ्चालनको लागि सम्झौता बमोजिम प्राप्त रकम।

(च) संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।

(छ) संस्थाका सदस्यहरुबाट प्राप्त शुल्क तथा सहयोगको रकम।

(ज) अन्य श्रोतबाट प्राप्त गरेको रकम ।

(२) संस्थाको नाममा प्राप्त हुने सबै रकम संस्थाको नाममा रहेको बैंक खातामा जम्मा गर्नु पर्नेछ।

(३) दफा १० को (ख) र (छ) वमोजिम टोल विकास संस्थाले शुल्क लिदा वडा कार्यालयको सहमती/स्वीकृतिमा लिनु पर्नेछ ।

(४) टोल विकास संस्थाको कोषबाट ऋण लगानी गर्न पाईन छैन ।

(५) टोल विकास संस्थाले आफ्नो वार्षिक वजेटको २०% रकम सामाजिक विकास कार्यमा लगाउनु पर्नेछ ।

(६) टोल विकास संस्थाले टोलको विकासका लागि गैर सरकारी संस्थासँग आर्थिक सहायता तथा अनुदान लिंदा उपमहानगरपालिकाको स्वीकृति अनिवार्य लिनुपर्नेछ ।

११. **संस्थाको खर्चः** संस्थाको खर्च देहाय बमोजिम हुनेछः

(क) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लिखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ।

(ख) संस्थाको नियमित सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च कार्यसमितिको निर्णय बमोजिम हुनेछ।

१२. **संस्थाको लेखा, प्रतिवेदन तथा अन्यः**

(१) संस्थाको खाता वडा कार्यालयको सिफारिसमा नगर कार्यपालिकाको कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ।

(२) उपदफा (१) बमोजिमको बैंक खाता कम्तीमा एक जना महिला हुने गरी संस्थाका अध्यक्ष, उपाध्यक्ष र सचिवमध्ये कुनै दुई जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) कोषाध्यक्षले संस्थाको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको विवरण स्पष्ट रुपमा राख्नुपर्नेछ ।

(४) कोषाध्यक्षले आम्दानी खर्चको हिसाब किताव चौमासिक रुपमा कार्य समितिको बैठकमा पेश गर्नु पर्नेछ।

(५) कार्यसमितिले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र टोल भेलामा पेश गर्नु पर्नेछ।

(६) संस्थाले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन साधारणसभा, सम्बन्धित वडा कार्यलय र उपमहानगरपालिकामा पेश गर्नुपर्नेछ ।

(७) उपमहानगरपालिका तथा वडा कार्यालयले आवश्यकता अनुसार संस्थाको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

१३. **सामाजिक परीक्षणः** संस्थाको सामाजिक परीक्षण देहाय वमोजिम हुनेछः–

(१) संस्थाले वडा समितिका पदाधिकारीको रोहवरमा टोल भेला गराई सामाजिक परीक्षण गराउनु पर्नेछ ।

(२) संस्थाको कोषाध्यक्षले वार्षिक आय व्यय पारदर्शि रुपमा आम भेलामा प्रस्तुत गर्नु पर्नेछ ।

(३) टोल भेलामा उपस्थित संस्थाका सदस्यहरुले टोल विकास संस्थाको निति, कार्यक्रम, कार्ययोजनाको लक्ष्य, उद्देश्य, वजेट तथा यसवाट प्राप्त नतिजा, उपलब्धि र खर्चको वारेमा लेखाजोखा, विश्लेषण र मुल्याङ्कन गरी सामाजिक परीक्षण गर्नु पर्नेछ ।

(४) संस्थाको सामाजिक परीक्षण प्रतिवेदन साधारण सभामा पेश गरी पारित गर्नु पर्नेछ ।

(५) संस्थाले आफ्नो वार्षिक सामाजिक परीक्षणको प्रतिवेदन सम्बन्धित वडा कार्यालयमा पेश गर्नु पर्नेछ ।

१४. **जिन्सी तथा वस्तुगत सहयोग लिन सक्नेः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् प्रभावित व्यक्तिको उद्दार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैर

सरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ।

(२) संस्थाले उपदफा (१) बमोजिम प्राप्त सहयोग वडा समितिको समन्वयमा त्यस्तो विपद् बाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्नेछ।

(३) संस्थाले यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ।

परिच्छेद – ६

विविध

१५. **समन्वय तथा अनुगमन समितिः** (१)संस्थाको कामको अनुगमन तथा समीक्षा गरी पृष्ठपोषण प्रदान गर्न हरेक वडामा देहाय बमोजिमको समन्वय तथा अनुगमन समिति रहनेछ :-

(क) वडाध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरु - सदस्य

(ग) टोल विकास संस्थाका अध्यक्षहरु मध्येबाट संयोजकले तोकेका ३ जना - सदस्य

(घ) वडा सचिव - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ। उक्त पदावधि समाप्त भएपछि संयोजकले कार्यकाल नदोहोरिने गरी वडा भित्रका अन्य संस्थाका अध्यक्षहरु मध्येबाट तीन जना मनोनयन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तीमा चौमासिक रुपमा बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले वडा भित्रका सबै संस्थाको काम कारवाहीलाई प्रभावकारी बनाउन कार्य समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिले संस्थाको काम कारवाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ।

१६. **टोल विकास संस्था विभाजन तथा एकीकरण सम्वन्धी व्यवस्था:**

(क) टोल विकास संस्था गठन पश्चात विविध कारणवस सिमाना हेरफेर, विभाजन र एकीकरण गर्नुपर्ने अवस्थामा सम्वन्धित टोलको साधारणसभावाट निर्णय गरी वडा कार्यालयमा अनुरोध भई आएमा उपयुक्त लागेमा वडा कार्यालयको निर्णय वमोजिम हुनेछ ।

(ख) टोल विकास संस्थाहरु जथाभावी तथा अस्वभाविक रुपमा गठन तथा विभाजन हुने अवस्था आएमा भूक्षेत्र, भूवनोट र घरधुरी जनसंख्यालाई आधारमानी वडा कार्यालयले टोलको उपयुक्त सिमाङ्कनको व्यवस्था गर्नेछ ।

१७. **टोल विकास संस्था नवीकरण:** टोल विकास संस्थालाई प्रत्येक आर्थिक वर्ष, आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र अनिवार्य रुपमा नवीकरण गर्नुपर्नेछ। उपमहानगरपालिकाले आर्थिक ऐनमा तोके वमोजिम वडा कार्यालयले नवीकरण शुल्क लिनेछ।

१८. **बाधा अड्काउ फुकाउन सक्ने:** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१९. **कार्य समिति भङ्ग गर्न सक्ने:** सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून बिपरित कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाइएमा त्यस्तो कार्यसमितिलाई सम्बन्धित वडा कार्यालयले भङ्ग गर्न सक्नेछ । यसरी कार्यसमिति भङ्ग भएको अवस्थामा एक महिना भित्र यसै कार्यविधि बमोजिम नयाँ कार्य समिति गठन गर्नु पर्नेछ र सोको जानकारी उपमहानगरपालिकालाई दिनु पर्नेछ ।

२०. **कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेः** (१) नगर कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ। (२) उपदफा (१) बमोजिम यो कार्यविधि खारेज भएको अवस्थामा यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन भएका संस्थाहरुको सम्पत्ति तथा दायित्व नगर कार्यपालिकाको नाममा हुनेछ।

२१. **खारेजी र बचाउ सम्बन्धी व्यवस्थाः** (१) तुलसीपुर उपमहानगरपालिकाबाट जारी गरिएको टोल विकास संस्था सञ्चालन कार्यविधि २०७४ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको टोल विकास संस्था सञ्चालन कार्यविधि २०७४ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची - १

..... टोल विकास संस्थाको विधान

प्रस्तावना :

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै समाजको आर्थिक तथा सामाजिक व्यवस्थालाई एकअर्काको परिपूरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउने, सहभागितात्मक योजना तर्जुमा गर्ने तथा आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो ..... टोल विकास संस्थाको स्थापना गरी सञ्चालन गर्न वाञ्छनीय भएकोले यो विधान बनाइएको छ ।

१. प्रारम्भिकः

संक्षिप्त नाम र प्रारम्भः

(क) यो विधान..... टोल विकास संस्थाको विधान हुनेछ ।

(ख) यो संस्थाको नाम ..... टोल विकास संस्था हुनेछ ।

(ग) संस्थाको चिन्ह र छाप निम्न प्रकारको हुने छ ।

लोगो चिन्हको बिवरणः .....

छापको बिवरणः .....

(घ) यो विधान..... टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

(ङ) यस संस्थाको कार्यालय.....मा हुनेछ ।

(च) यस संस्थाको सिमाना देहाय बमोजिम हुनेछः

पूर्व .....

पश्चिम.....

उत्तर.....

दक्षिण.....

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः

(क) "संस्था" भन्नाले .....टोल विकास संस्थालाई सम्झनुपर्दछ ।

(ख) "विधान" भन्नाले ..... टोल विकास संस्थाको विधानलाई सम्झनुपर्दछ ।

(ग) "साधारण सभा" भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ ।

(घ) "समिति" भन्नाले टोल विकास संस्थाको कार्यसमितिलाई सम्झनु पर्दछ ।

(ङ) "बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठकलाई सम्झनु पर्दछ ।

(च) "पदाधिकारी" भन्नाले कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरुलाई जनाउँछ।

३. संगठित संस्था हुनेः

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ ।साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

(ख) संस्थाले चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ । तर संस्थाले अचल सम्पत्ति बिक्री गर्न भने पाउने छैन । संस्था विघटन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति उपमहानगरपालिकामा हस्तान्तरण हुनेछ ।

४. संस्थाका उद्देश्यहरुः

संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछः

(क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

(ख) टोलका व्यक्तिहरुको आयमा वृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनीकरणमा मद्दत पुऱ्याउने।

(ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने ।

(घ) संस्थालाई सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउने।

५. टोल विकास संस्था कार्य समितिको गठनः

टोल विकास संस्था कार्य समितिको गठन देहाय बमोजिम हुनेछः

(क) उपमहानगरपालिकाको निश्चित भौगोलिक क्षेत्रभित्रका गाउँ/टोल तहमा रहेका घरपरिवारका सदस्यहरुवाट टोल विकास संस्थाको गठन गरिनेछ ।

(ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र (तिन देखि सात जना सम्म) सदस्यहरु रहेको एक टोल विकास संस्था कार्य समिति गठन हुनेछ। दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ । टोल विकास संस्था कार्य समितिको अवधि २ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको पदमा लगातार दुई कार्यकाल भन्दा बढी सोही पदमा काम गर्न सक्ने छैन । कार्यसमितिमा कम्तिमा ५० प्रतिशत सदस्यहरु र अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला हुनुपर्दछ ।

(ग) टोल बिकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई समेट्नु पर्दछ ।यदि सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरु मध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ।

(घ) कार्य समितिका सदस्य वाहेक टोल विकास संस्थामा आबद्ध भएका सबै घरधुरीवाट प्रति घरधुरी एक जना टोल विकास संस्थाका साधारण सदस्य हुनेछन्।

(ङ) निवर्तमान अध्यक्षको संयोजकत्वमा ३ सदस्यीय सल्लाहकार समितिको गठन गरिनेछ। सल्लाहकार समितिको संयोजक टोल विकास कार्य समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा सहभागी हुनेछन ।

६. कार्य समितिका पदाधिकारीको पद रिक्त सम्बन्धी व्यवस्थाः टोल विकास संस्था कार्य समितिका पदाधिकारीहरुको पद देहाय वमोजिमको अवस्थामा रिक्त हुनेछः

(क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समितिको बैठकमा र उपाध्यक्ष सहित अन्य सदस्यले अध्यक्ष समक्ष राजिनामा दिएमा ।

(ख) भ्रष्टाचार वा अन्य कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएमा।

(ग) मृत्यु भएमा ।

(घ) बसाईँ सरी अन्यत्र गएमा ।

(ङ) संस्थाको हित विपरित हुने कार्य गरेमा ।

(च) विना सूचना लगातार ३ पटकसम्म बैठकमा अनुपस्थित भएमा ।

७. टोल विकास संस्थाका कार्यहरुः

टोल विकास संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) समुदायमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग गर्ने।

(२) सामुदायिक सदभाव, सहिष्णुता र भाईचाराको विकास गर्ने ।

(३) टोलमा सञ्चालन हुने विकास निर्माणका योजनाहरुको तर्जुमा, कार्यान्वयन/सञ्चालन र सुपरिवेक्षण तथा अनुगमनमा उपभोक्ता/ लाभग्राही समूहको रुपमा सहभागिता, स्वामित्व र नेतृत्वदायी भूमिका वडा कार्यालयसँगको समन्वयमा निर्वाह गर्ने ।

(४) टोलमा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने ।

(५) टोलमा रहेका सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने ।

(६) टोलमा विपद् व्यवस्थापन सम्बन्धी खोज, उद्धार, राहत वितरण, पुननिर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने ।

(७) टोलको सरसफाई व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने/गराउने ।

(८) छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने/गराउने ।

(९) सडक बत्ती, सामुदायिक पार्क, सार्वजनिक सौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग पुर्याउने ।

(१०) कानून बमोजिम तिर्नु पर्ने कर, दस्तुर, सेवा शुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने ।

(११) टोलमा बसोबास गर्ने गरिब, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन कार्यमा सहयोग गर्ने ।

(१२) टोलमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने ।

(१३) जन्म, बिबाह, बसाईँसराई, सम्बन्ध विच्छेद र मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि टोलबासीलाई उत्साहित र सहजीकरण गर्ने ।

(१४) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने ।

(१५) विद्युत चुहावट तथा प्राकृतिक श्रोत चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने ।

(१६) टोलमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेयपदार्थ लगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मुल्य सूचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने ।

(१७) उपभोक्ता हकहित संरक्षणको लागि पैरवी तथा जनचेतना अभिबृद्धि गर्ने ।

(१८) टोलमा हरियाली क्षेत्र विस्तार गरी वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने ।

(१९) स्थानीय आर्थिक विकासका संभावनाका बारेमा छलफल गरी स्थानीय तह गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने ।

(२०) भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालनाको लागि टोल बासीहरुलाई प्रोत्साहित गर्ने ।

(२१) विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाई लैङ्गिक हिंसा उन्मुलन जस्ता राष्ट्रिय अभियानहरुमा सहयोग र समन्वय गर्ने ।

(२२) टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र श्रोत परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने ।

(२३) घरेलु हिंसा, यौनजन्य हिंसा, मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम लगायतका सामाजिक अपराध तथा खरावीहरु अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने ।

(२४) टोलमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(२५) टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने ।

(२६) टोलमा सरकारी निकाय तथा गैरसरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

(२७) आफ्नो टोललाई वातावरणमैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री, महिलामैत्री, अपाङ्गमैत्री, पोषणमैत्री तथा पूर्ण सरसफाईयुक्त बनाउन कार्यक्रमहरु सञ्चालन गर्ने तथा वडा कार्यालय र उपमहानगरपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने ।

(२८) वडा कार्यालय, उपमहानगरपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी संघ संस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

(२९) उपलब्ध श्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने ।

(३०) सबै पक्षको समानुपातिक सहभागिता, विकास एवं सम्मानका लागी बाल, युवा, महिला, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको सञ्जाल गठन गरी परिचालन गर्ने व्यवस्था मिलाउने ।

८. सदस्यताः

संस्थामा सदस्यता देहाय बमोजिम हुनेछः

(क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलवासी यस संस्थाको सदस्य हुनेछ ।

(ख) सदस्य बन्न इच्छुक नयाँ टोलवासीलाई संस्थाले तोके बमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

९. सदस्यता नरहनेः

देहायको अवस्थामा सदस्य रहने छैनः

(क) सदस्यको मृत्यु भएमा ।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा । तर संस्थाको निर्णय उपर चित्त नबुझेमा साधारण सभामा पेश गर्ने र साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

(ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालना नगरेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।

(घ) संस्थालाई हानी नोकसानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा । तर सम्बन्धित् सदस्यहरुलाई सफाई दिने अवसरबाट बञ्चित गरिने छैन । यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ ।

(ङ) नेपालको प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा ।

१०. संस्था गठन एवम् कार्य सञ्चालन विधिः

संस्थाको गठन एवम् कार्य सञ्चालन विधि देहाय बमोजिम हुनेछः

(क) निश्चित भौगोलिक क्षेत्रमा व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निर्क्यौल गरेपछि त्यस टोलभित्र बसोवास गर्ने अधिकांश घरधुरीको उपस्थितिमा संस्था गठन गरिने छ ।

(ख) टोल विकास संस्था गठन गर्न उपस्थित भएका व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा बढीमा ११ सदस्यीय संस्था संचालन कार्य समिति गठन हुनेछ । यस समितिमा एक/एक जना अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरु (तिन देखि सात जना सम्म) हुनेछन् ।

तर दफा १० (ख) बमोजिम आम भेलामा सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतवाट कार्यसमिति गठन गर्न वाधा पर्ने छैन ।

(ग) संस्थामा समावेशी रुपमा कम्तिमा ५० प्रतिशत महिला सदस्य रहनेछन् । अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला हुनेछ ।

(घ) कार्य समितिको कार्यकाल गठन भएको मितिले २ वर्षको हुने छ ।कार्य समितिको कार्यकाल समाप्त भएपछि साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतवाट कार्यसमितिको पुनर्गठन हुनेछ ।

(ङ) अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको पदमा लगातार दुई कार्यकाल भन्दा बढी सोही पदमा काम गर्न सक्ने छैन ।

११. टोल विकास संस्थाको कार्य समितिको बैठकः टोल विकास संस्थाको कार्य समितिको बैठक व्यवस्थापन देहाय वमोजिम हुनेछः

(क) टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तिमा १ पटक बस्नेछ ।

(ख) समितिको बैठकमा सामाजिक परिचालक, वडा समिति, उपमहानगरपालिकाका प्रतिनिधि, बिज्ञ तथा अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिने छ ।

(ग) समितिको बैठक निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ ।

(घ) संस्थाको बैठकको निर्णयहरु बैठकमा उपस्थित पदाधिकारी हरुवाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ ।

१२. संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) संस्थाको अध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(२) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।

(३) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने।

(४) छलफल हुँदा सबैको विचार सङ्कलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(५) निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।

(६) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

(७) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

(८) विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।

(९) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

(ख) संस्थाको उपाध्यक्षको काम, कर्तव्य र अधिकार:

(१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नुपर्ने कार्य गर्ने ।

(२) विधानले तोकेको अन्य कार्य गर्ने ।

(३) कुनै कारणवस अध्यक्षको पद रिक्त भएमा बाँकी अवधिको लागी कार्यवाहक अध्यक्षको रुपमा कार्य गर्ने ।

(ग) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार:

(१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

(२) एकतिहाई सदस्यले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने।

(३) छलफलका प्रस्तावहरु सङ्कलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

(४) संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।

(५) तोकिएका अन्य कामहरु गर्ने ।

(घ) संस्थाको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:

(१) संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने ।

(२) आम्दानी खर्चको सामाजिक परीक्षण गराउने ।

(३) बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने ।

(४) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

(५) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(ङ) संस्थाका सदस्यको काम, कर्तव्य र अधिकारः

(१) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रिय रुपमा सहभागी हुने ।

(२) संस्थाको हिसाब किताब जाँच गर्ने ।

(३) संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने ।

(४) आवश्यकता अनुसार संस्था सञ्चालनका लागि नीति, नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।

(५) आवश्यकता अनुसार अध्यक्ष,उपाध्यक्ष, सचिव र कोषाध्यक्ष हरुलाई सघाउने ।

(६) तोकिएको अन्य कार्यहरु गर्ने ।

१३. साधारण सभाको गठन र कार्यप्रणालीः

साधारण सभाको गठन र कार्यप्रणाली देहाय बमोजिम हुनेछः

(क) संस्थाका सम्पूर्ण सदस्यहरु रहेको एक साधारण सभा हुनेछ ।

(ख) साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको उपाध्यक्ष र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ ।

(ग) साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

१४. साधारण सभाको काम, कर्तव्य र अधिकारः साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) संस्थाको गत वर्षको प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन पारित गर्ने ।

(ख) संस्थाको सामाजिक परीक्षण प्रतिवेदन पारित गर्ने ।

(ग) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(घ) कार्यसमिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

(ङ) संस्थाको विधान संशोधन गर्ने ।

(च) आवश्यकतानुसार सल्लाहकारको मनोनयन गर्ने ।

(छ) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

१५. अधिवेशनः

(क) संस्थाको अधिवेशन प्रत्येक २ वर्षमा गर्नु पर्नेछ ।

(ख) उक्त अधिवेशन कार्यक्रममा टोल विकास संस्थाको नेतृत्व परिवर्तन गर्नु पर्दछ । जुन सर्वसम्मत वा बहुमतद्वारा गर्न सकिनेछ ।

(ग) संस्थाको नेतृत्व परिवर्तन गर्दा दक्षता तथा क्षमताको आधारमा समावेशी गराउने तर्फ विशेष प्राथमिकता दिनु पर्दछ ।

(घ) संस्थाको पदाधिकारीहरुको पदावधि लगातार २ कार्यकाल भन्दा बढी हुने छैन ।

(ङ) संस्थाले वार्षिक साधारण सभा तथा अधिवेशन गर्न कार्यसमितिको बैठकवाट निर्णय गराउनु पर्नेछ।

(च) संस्थालाई आवश्यकता अनुसार सल्लाह तथा सुझाव दिनका लागि सल्लाहकार समितिको समेत गठन गर्नु पर्नेछ ।

१६. आर्थिक व्यवस्थाः

(१) संस्थाको देहाय बमोजिम आर्थिक श्रोत हुनेछः

(क) उपमहानगरपालिकाबाट प्राप्त हुने अनुदान रकम ।

(ख) सदस्यताबाट प्राप्त शुल्क ।

(ग) सरकारी तथा गैरसरकारी निकायहरु, सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम ।

(घ) टोल विकास संस्थाले आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी ।

(ङ) उपमहानगरपालिका, अन्य सरकारी निकाय तथा गैर सरकारी संघ संस्थासंग विकास निर्माण वा कार्यक्रम सञ्चालनको लागि सम्झौता वमोजिम प्राप्त रकम ।

(च) संस्थाका सदस्यहरुवाट प्राप्त शुल्क तथा सहयोगको रकम ।

(छ) संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।

(ज) अन्य श्रोतवाट प्राप्त गरेको आम्दानी ।

(२) प्रत्येक असार मसान्तमा लेखा तयार गरी सामाजिक परीक्षण पश्चात् विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

(३) संस्थाको नाममा प्राप्त वा खरीद चल अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिए बमोजिम हुनेछ।

१७. कार्यसमितिलाई अविश्वासको प्रस्तावः

कार्यसमितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका ६७ प्रतिशत सदस्यहरुले विशेष साधारण सभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

१८. विविधः

क) विधान संशोधन गर्नुपर्ने भएमा कार्यसमितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरिनेछ । साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाई बहुमतले विधान संशोधन हुनेछ ।

ख) प्रचलित ऐन, नियमहरुसँग बाँझिएमा बाँझिएका बुँदाहरु स्वतः खारेज हुनेछ ।

अनुसूची-२

टोल विकास संस्थालाई उपमहानगरपालिकामा दर्ता गर्ने निवेदन

मितिः .....

श्री सचिवज्यू

..... नं. वडा कार्यालय

तुलसीपुर उपमहानगरपालिका

विषयः टोल विकास संस्था दर्ता गर्ने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस तुलसीपुर उपमहानगरपालिका वडा नं ..... स्थित .....गाउँ/टोलमा गठन गरिएको ..... टोल विकास संस्थालाई यस वडा कार्यालयमा दर्ता गरिदिनुहुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु । यस ..... टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सीमित रहनेछ ।

पूर्व सिमानाः .....

पश्चिम सिमानाः .....

उत्तर सिमानाः .....

दक्षिण सिमानाः .....

हालका जम्मा घरधुरीः

<u>संलग्न राख्नुपर्ने कागजातहरु</u>

१. टोल विकास संस्थाको प्रथम प्रारम्भिक भेला र दोस्रो प्रारम्भिक भेलाको निर्णय प्रतिलिपि ।
२. टोल विकास संस्थाको पारित विधान २ प्रति ।
३. कार्य समितिका पदाधिकारीहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
४. घरधुरी तथ्याङ्क विवरण फाराम ।
५. टोल विकास संस्थाको सामाजिक स्रोत नक्सा ।

६. छिमेकी गाउँ/वस्तीमा टोल विकास संस्था गठन भई दर्ता भएको भए छिमेकी टोल विकास संस्थाको "सिमा लगायत कुनै पनि विषयमा विवाद छैन" भन्ने व्यहोरा खुलेको सिफारिस ।

निवेदक

समितिको तर्फबाट

अध्यक्षको नामः .....

टोल विकास संस्थाको नामः.....

ठेगानाः.....

दस्तखतः –

अनुसूची – ३

तुलसीपुर उपमहानगरपालिका

.....नं. वडा कार्यालय

..... दाङ

घरधुरी तथ्याङ्क विवरण फाराम

टोल विकास संस्थाको नामः

ठेगानाः मितिः

क्र. सं.	घर नम्वर	घरमुलीको नाम थर	परिवार संख्या		
			महिला	पुरुष	जम्मा

टोल विकास संस्थाको अध्यक्षको नामः हस्ताक्षरः

अनुसूची – ४

तुलसीपुर उपमहानगरपालिका

.....नं. वडा कार्यालय

....., दाङ

लुम्बिनी प्रदेश, नेपाल

दर्ता नं. मितिः–

टोल विकास संस्था दर्ता प्रमाण – पत्र

तुलसीपुर उपमहानगरपालिका वडा नं. .....स्थित .....मा गठन भएको .....टोल विकास संस्थालाई यस कार्यालयमा मिति .....मा दर्ता गरी यो प्रमाण– पत्र प्रदान गरिएको छ ।

यस उपमहानगरपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पूर्वाधार विकास र सुशासन लगायतका क्षेत्रमा यस टोल विकास संस्थाको सक्रिय सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

.....

वडा सचिव

नवीकरण विवरण

नवीकरण गरेको मिति	नवीकरण बहाल रहने मिति	भौचर, रसिद नं., दाखिला भएको रकम	नवीकरण गर्ने अधिकारीको दस्तखत

अनुसूची – ५

टोल विकास संस्था दर्ता किताबको नमुना

तुलसीपुर उपमहानगरपालिका

.....नं. वडा कार्यालय

....., दाङ

लुम्बिनी प्रदेश, नेपाल

टोल विकास संस्था दर्ता विवरण

क्र. सं.	दर्ता नं.	दर्ता मिति	टोल विकास संस्थाको नाम	वडा नं.	गाउँ/बस्ती	घरधुरी संख्या	जनसंख्या			अध्यक्षको नाम थर	सम्पर्क नं.	दर्ता गर्ने अधिकारीको दस्तखत	कैफियत
							महिला	पुरुष	जम्मा				

अनुसूची – ६

तुलसीपुर उपमहानगरपालिका

.....नं. वडा कार्यालय


....., दाङ

लुम्बिनी प्रदेश, नेपाल

आ.व. .....को .....महिनासम्म दर्ता भएका टोल विकास संस्थाहरुको विवरण

क्र.सं.	दर्ता नं.	दर्ता मिति	टोल विकास संस्थाको नाम	वडा नं.	गाउँ/वस्ती	घरधुरी संख्या	जनसंख्या			अध्यक्षको नाम थर	सम्पर्क नं.	कैफियत
							महिला	पुरुष	जम्मा			

टोल विकास संस्थाको नक्साको नमुना



आज्ञाले
गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत